# राजस्व न्यायाधिकरण काठमाडौं
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री नरनाथ गिरी
## लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई
## फैसला

२०७६।०७७ सालको निर्णय नं. १२५

पुनरावेदन नं.०७५-**RB**-०१३७

**<u>मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८ देखि ०६९/०७०) ।</u>**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.२, चौधरी हाउस, सानेपमा प्रधान कार्यालय रहेको सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.का अख्तियार प्राप्त ऐ.का नायव प्रबन्धक टिकाराज कार्की ...............................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर ..................................................१
आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट काठमाडौं,..............................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल ।

शुरु निर्णय मितिः २०७१/०३/०१

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको ठूला करदाता कार्यालय, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि. को कर परिक्षणको सम्पन्न भै पेश भएको मिति २०७१।०२।०८ मा स्वीकृत कर लेखा परिक्षण प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम २९ (१) बमोजिम कर, जरिवाना व्याज र थप दस्तुर समेत जम्मा रू. ४,५७,१८५।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१/०२/२० मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०२।२० मा जारी भएको सूचना करदाताले सोही मितिमा सूचना बुझिलिई लिखित जवाफ मिति २०७१/०२/२३ मा पेश गरेको।

३. करदाता भवन निर्माण कार्य गराउदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख समेतको पूर्ण पालना नगरेको, मूल्य अभिवृद्धि कर तर्फ ०६७/०६८ देखि ०६९/०७० मा छुटाछुट्टै आ.ब. मा मू.अ.करमा दर्ता नभएको, व्यक्तिबाट खरिद मूल्य रु.२१,७२,३९८।०१ बराबरको खरिद भएकोले सो को मूल्य अभिवृद्धि कर ऐन,२०५२ (संशोधित सहित) को दफा २०(१)(घ) अनुसार १३ प्रतिशत हुने मूल्य अभिवृद्धि कर रु.२,८२,४१२।— निर्धारण गरी सोमा सोही ऐनको दफा २९(१)(क) बमोजिम कर विगोको २५ प्रतिशत हुने जरिवाना रु.७०,६००।— तथा थप दस्तुर रु.४३,३६१।— व्याज रु.६५,१५०।— समेत कुल जम्मा रु.४,६१,५२३।- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७०/०३/०१ मा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७०/०३/०१ मा जारी गरेको आ.व. २०६९/०७० को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सि.जी. इलेक्ट्रोनिक्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०४/०४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७०/०३/०१ मा जारी गरेको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०४/०४ पेश गरिएकोमा सो सम्बन्धमा निर्णय भै नसकेकाले शुरु कार्यालयबाट मिति २०७०/०३/०१ मा जारी गरिएको कर निर्धारण आदेशमा दर्ता नभएको व्यक्तिबाट खरिद भएको खरिद मूल्य रु.२१,७२,३९८।०१ मू.अ.कर ऐन,२०५२ (संशोधित सहित) को दफा २०(१)(घ) अनुसार १३ प्रतिशत हुने मूल्य अभिवृद्धि कर रु.२,८२,४१२।— निर्धारण गरी सोमा सोही ऐनको दफा २९(१)(क) बमोजिम कर विगोको २५ प्रतिशत हुने जरिवाना रु.७०,६००।— तथा थप दस्तुर रु.४३,३६१।— व्याज रु.६५,१५०।— समेत कुल जम्मा रु.४,६१,५२३।- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश

त्रुटिपूर्ण हुदाँ बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाता कम्पनीको तर्फबाट मिति २०७५/०८/१६ मा पुनरावेदन पत्र दर्ता भएको ।

६. यसमा मुलुकी फौज्दारी कार्यविधी (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१२/२६ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पुरावेदकका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ताद्वय श्री टिकाराम कार्की र मेघराज पोखरेलले पुनरावेदक करदाताले व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने ५० लाखभन्दा बढीको भवन दर्ता नभएको, आफैले विभिन्न ठाँउ र विभिन्न आर्थिक वर्षमा पटक पटक निर्माण गरेको कार्यलाई समेत व्यवसायिक भवन मानी कर कसरी निर्धारण गरिएको हो।मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने ५० लाख भन्दा बढीको भवन वा अपार्टमेन्ट सपिङ, कम्प्लेक्स विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएका व्यक्तिबाट गराएको भए तापनि त्यस्तो निर्माण दर्ता व्यक्तिबाट गराए सरह मानी स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल गर्ने व्यवस्था समेत भएको छ।यसरी कुनै भवन निर्माण खर्च ५० लाख भन्दा बढी नभएको अवस्थामा पनि मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुमा पनि मूल्य अभिवृद्धि कर लगाई जरिवाना र व्याज समेत जोडी शुरु कार्यालयबाट भएको निर्णय बदरभागी छ। उक्त निर्णय उल्टी गरी पुनराबेदकको पुनराबेदन जिकिर बमोजिम कायम गरी मूल्य अभिवृद्धि करमा छुट पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. प्रत्यर्थी ठूला करदाता कार्यालय समेतको तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान उपन्यायाधीवक्ता श्री शम्भु कुमार बस्नेतले करदाताले एकै स्थानमा निर्माण गर्दा रु.५० लाखभन्दा बढीको भएकाले मू.अ.कर ऐन,२०५२ को दफा ८(३) र मू.अ.कर नियमावली २०५३ को नियम ६(ख) बमोजिम कर निर्धारण गरी प्रत्येक कर अवधिका आधारमा पेश गर्नुपर्नेमा सो गरेको पाइएन।व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने यस्ता संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएमा त्यस्तो निर्माण कार्य दर्ता प्रयोजनको लागि निर्माण गरिने संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण भएमा त्यस्तो कार्य दर्ता भएका व्यक्तिबाट गराए सरह मानिन्छ भनी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ख) मा व्यवस्था छ। करदाताले निर्माण गरेको भवन व्यवसायिक प्रयोजन भित्र नै पर्ने देखिन्छ। करदाताले लिएको जिकिर तथ्यपूर्ण मान्न नसकिने हुदाँ शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिर दुवै विद्वान कानुन व्यवसायीबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरि निर्णय तर्फ विचार गर्दा मूल्य अभिवृद्धि कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको निर्णय मिले नमिलेको वा पुनरावेदन जिकिर बमोजिम गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णाय करदाताले गरेको निर्माण सम्बन्धी कार्य विजनेस कम्प्लेक्स निर्माण नगरी आफ्नो कम्पनीबाट टि.भी.उत्पादन हुने स्थानलाई आवश्यक पर्ने विभिन्न चरणमा भिन्दा भिन्लै निर्माण कार्य सम्पन्न गरेको, निर्माण भएका कार्य मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अन्तर्गतमा नै रहेर निर्माण गरी कुनै एक भवनको निर्माण खर्च ५० लाखभन्दा बढी नभएको अवस्थामा मूल्य अभिवृद्धी कर नलाग्ने वस्तुमा पनि कर निर्धारण गर्नुनपर्ने भन्ने दावी गरेको पाइयो। कुनै भवन निर्माण मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अन्तर्गत भएको अवस्थामा भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि तोकिएको अवस्थामा मात्र जरिवाना थप दस्तुर र व्याज लगाउने व्यवस्था रहेको पाइन्छ।यसरी भवन लगायत स्थायी संरचना निर्माणमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना लगायतका व्याज लगाउने गरि शुरु कार्यालयबाट भएको निर्णयसंग सहमत हुन सकिएन।

११. माथि विवेचित आधारमा स्थायी लेखा नं.३०००४११२३ का पुनरावेदक करदाता श्री सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.को आ.ब.०६७/०६८ देखि ०६९/०७० को मूल्य अभिवृद्धि कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति२०७१/०३/०१ मा भएको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्णयमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिदा उक्त हदसम्मको निर्णय केही उल्टी हुने ठर्हछ।अन्यमा पुनरावेदनको जिकिर पुग्न सक्दैन।

## तपसिल

माथि ठहर खण्डमा ठूला करदाता कार्यालयबाट भएको निर्णय केही उल्टी हुने ठहरी फैसला भएकोले मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकम मामिला नगरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू---------------------------------------------------१

फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------------------------------------------२

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू------------------३

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू-------------------------------------------------------४

नरनाथ गिरी

(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाई

(लेखा सदस्य)

किशोर सिलवाल

(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

शाखा अधिकृतः- सनिता लामा

फाँटः- (ख)

इति सम्बत २०७६ साल माघ २३ गतेरोज ५ शुभम.................................................